Non-Resident Nepali Association (NRN)
International Coordination Council (ICC)

Upendra Mahato
President
E-mail: upn@rubin.ru

Indra Ban
Vice President, Australia
E-mail: iban@parracity.nsw.gov.au

Sharda J. Thapa
Vice President, Americas
E-mail: sjthapa@speedsite.com

Ram P Thapa
Vice President, Europe
E-mail: thapa@web.de

Dev Man Hirachan
Vice President, Japan
E-mail: asukagroup@rapid.ocn.ne.jp

Sagar Nepal
Vice President, Middle East
E-mail: saan50@hotmail.com

Bhim Udas
International Co-ordinator
E-mail: bhim.udas@gmail.com

Chiranjibi Dhakal
Joint Co-ordinator
E-mail: chanddhakal@hotmail.com

Prakash Pun
Treasurer
E-mail: gurkhas@netvigator.com

**प्रेस वक्तव्य**

२९ जुन २००७

**संविधानसभाको निर्वाचनमा गैरआवासीय नेपाली नागरिकले पनि मतदान गर्ने व्यवस्था हुनु पर्छ**

संविधानसभाको निर्वाचन मंसिर ६ गते गर्ने सरकारको घोषणालाई गैरआवासीय नेपाली संघ स्वागत गर्दछ । विश्वभरि छरिएर रहेका गैरआवासीय नेपालीहरु संविधानसभाको निर्वाचन पछि राजनैतिक संक्रमणको अन्त्य भई मुलुकमा समावेशी लोकतन्त्रको स्थापना हुने कुरामा आशावादी रहेकाले नै अघिल्लो पटक निर्वाचन मिति तोकिँदा फितलो प्राविधिक कारण देखाएर अन्यायपूर्ण तरिकाले आफूलाई बसोबासरत भूमिवाट मतदान गर्ने अवसरवाट वञ्चित गरिँदा पनि सक्रिय विरोध गरेका थिएनन् । हामीलाई विदेशमा मतदान गर्न दिने हो भने समयमा निर्वाचन हुन सक्दैन भनेर निर्वाचन प्रक्रियावाट अलग गराइए पनि नयाँ नेपाल निर्माणका लागि संविधानसभाको महत्वलाई हृदयंगम गरी आफूमाथि ठूलो अन्याय हुँदा पनि हामीले चर्को असन्तुष्टी व्यक्त गर्न युक्तिसंगत ठानेनौं । देशमा यथाशीघ्र सहमतिको वातावरण तयार होस् र निर्धारित समयमै संविधान सभाको निर्वाचन होस् भन्नेमा नै हाम्रो जोड रहेको थियो ।

पूर्वनिर्धारित मितिमा चुनाव हुन नसकेपछि सरकारले नयाँ निर्वाचन मिति तोक्नु पर्ने वाध्यात्मक परिस्थितिको सृजना भएको थियो । तर यसले सवै वर्ग र क्षेत्रका नेपाली नागरिकलाई संविधानसभाको निर्वाचनमा नछुटाई सहभागी गराउन सकिने एउटा अवसर दिएकोछ । संविधानसभाको निर्वाचन अरु नियमित निर्वाचन जस्तो नभई मुलुकको संविधान र भविष्यको निर्माणसँग सम्वन्धित अति महत्वपूर्ण अवसर भएकोले जहाँ बसेका भएपनि सवै नेपाली नागरिकहरुले त्यसमा आफ्नो मताधिकार प्रयोग गर्न सक्ने व्यवस्था मिलाउनु राज्यको विशेष दायित्व हो । स्वदेश-विदेश सवै ठाउँका नेपाली नागरिकहरुको बृहद् सहभागिता बिना मुलुकको नयाँ संविधानको निर्माण समावेशी र सर्वस्विकार्य हुन नसक्ने कुरालाई मनन गरी आउँदो मंसिर ६ मा हुने निर्वाचनमा विश्वभरि छरिएर रहेका गैरआवासीय नेपाली नागरिकहरुले समेत विदेशी भूमिवाट मतदान गर्न सक्ने व्यवस्था गर्नु पर्छ भन्ने जोडदार माग नेपाल सरकार तथा व्यवस्थापिका संसद समक्ष राख्दै त्यस्तो व्यवस्थाकालागि आवश्यक सवै प्रकारको सहयोग गर्न गैरआवासीय नेपाली संघ सधैं तत्पर रहेको समेत जानकारी गराउन चाहान्छौं ।

डा उपेन्द्र महतो
अध्यक्ष, गैरआवासीय नेपाली संघ